परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक ४ २०८० श्रावण २८ गते आईतवार Sunday 13, AUG 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोशी अस्पतालमा रहेको अक्सिजन प्लाण्ट मर्मत नगर्दा विरामीलाई सास्ती

विराटनगर । कोशी प्रदेशकै सबभन्दा ठुलो कोशी अस्पतालमा रहेको अक्सिजन प्लान्ट मर्मत नगर्दा उपचार गराउन आएका विरामीहरुले सास्ती खेप्नु परेको छ भने अर्को तिर अस्पतललाई लाखौ रकम घाटा लागि रहको छ ।

अक्सिजन प्लान्टलाई साधारण मर्मत गर्दा पूर्ण क्षमतामा सञ्चालन हुनसक्ने अक्सिजन प्लान्ट मर्मत नगरी कोशी अस्पताल विराटनगरले निजी कम्पनीसँग अक्सिजन खरिद गरेर ठूलो रकम खर्च गरिर घाटा व्यहोरी रहको छ ।

अस्पतालसँग दैनिक ४ हजार ८ सय किलो अक्सिजन उत्पादन गर्नसक्ने क्षमताको प्लान्ट भएपनि विगत केही महिना देखि अस्पतालले निजी कम्पनीसँग दैनिक ५०० किलो अक्सिजन खरिद गर्दै आएको छ । अस्पतालले बिग्रिएको अक्सिजन प्लान्ट मर्मत नगरी विगत १३ महिना देखि निजी कम्पनीसँग अक्सिजन खरिद गर्दा झण्डै ७० लाख रुपैयाँ भन्दा बढी खर्च गरिसकेको छ ।

नेपाली चिकित्सकहरूको संस्था अमेरिका नेपाल मेडिकल फाउन्डेसनले २०७८ साल असोजमा १ करोड ७ लाख रुपैयाँ


कोशी अस्पतलामा १ करोड लागतमा निर्माण भएको ग्यास प्लान्ट अलपत्र अवस्था ।

लागतमा अक्सिजन प्लान्ट निर्माण गरि दिएको थियो । कोभिड-१९ को बेलामा बिरामीलाई अक्सिजन अभाव हुन नदिने उद्देश्यले कोशी अस्पताल परिसर भित्र फाउण्डेउसनले अक्सिजन प्लान्ट निर्माण गरी हस्तान्तरण गरहेको थियो ।

त्यहीबेला स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले उक्त प्लान्टको उद्घाटन गरेका थिए । त्यसपछि अक्सिजनमा आत्मनिर्भर भएको कोशी अस्पतालले गत वर्षको जेठ महिनासम्म प्लान्ट सञ्चालन गरेको थियो ।

कोशी अस्पतालको नयाँ भवन निर्माण गर्ने क्रममा अक्सिजन प्लान्टदेखि अस्पतालका वार्डहरुमा विस्तार गरिएको अक्सिजन पाइपलाइन र बिजुलीको वाइरिङ चुँडिन पुगेको थियो । तुरुन्त अक्सिजन आवश्यक पर्ने भएकोले २०७९ जेठ अन्तिममा निजी क्षेत्रबाट अक्सिजन खरिद गर्न थालेको अस्पतालले बढीमा एक लाख रुपैयाँ भित्रैको खर्चमा चुडिँएको पाइपलाइन र बिजुलीको तार मर्मत गरेर प्लान्ट सञ्चालन गर्न सक्थ्यो । तर, अस्पतालले त्यस तर्फ ध्यान नदिएर निजी क्षेत्रसँग नियमित अक्सिजन खरिद गर्ने कार्यलाई नै प्राथमिकतामा राखेको देखिन्छ ।

वांकी अन्तिम पेजमा...

## अनिश्चित कालको लागि विद्यालय बन्द गर्ने चेतावनी

विराटनगर । नेपाल सरकारले ल्याउन लागेको शिक्षा विधेयकको केही प्रावधान नसच्याए अनिश्चितकालको लागि विद्यालय बन्द गर्ने चेतावनी निजी विद्यालय संचालकहरुले दिएका छन् ।

कोशी प्रदेशमा कम्पनी मार्फत संचालन भईरहेको शिक्षण संस्थालाई प्रस्तावित शिक्षा विधेक मार्फत गुठी अन्तर्गत संचालन गर्न लागेको विषयको विरोध गर्दै निजी शिक्षण संस्थाको नेतृत्व गरिरहेको तीन संस्थाले शिक्षण संस्था बुधवार पत्रकार सम्मेलन गरी सो चेतावनी दिएको हो ।

निजी विद्यालय सञ्चालकहरू को संस्था प्याब्सन, नेसनल प्याबसन र हिसान कोशी प्रदेशले संयुक्त रूपमा पत्रकार सम्मेलनमा भने सरकारले ल्याउन लागेको नयाँ शिक्षा विधेयकको केही प्रावाधनहरु सच्याएरमात्र संसदमा पेश गर्नुपर्ने माग उनीहरुले गरेका हुन् । सरकारले विद्यालय सञ्चालकहरुको माग सुनवाइ नगरी प्रस्तावित विद्यालय शिक्षा विधेयक अगाडि बढाए विद्यालय बन्द गरेर चरणबद्ध आन्दोलनमा उत्रिने समेत चेतवनी दिएका छन् ।

सरकारले ल्याउन लागेको उक्त विद्यालय शिक्षा विधेयकमा निजी विद्यालय ५ वर्षभित्र गैरनाफामूलक शैक्षिक गुठीमा जानैपर्ने व्यवस्था गरिएको छ । गत साता मन्त्रिपरिषद्बाट पारित भएर संसदमा दर्ता प्रक्रियामा रहेको विधेयकमा हाल सञ्चालनमा रहेका निजी विद्यालय ५ वर्षभित्र निजी वा सार्वजनिक गुठीमा रूपान्तरण हुनुपर्ने व्यवस्था गरिएको छ । नयाँ निजी लगानीका विद्यालय पनि सेवामूलक उद्देश्यले शैक्षिक गुठीबाट मात्रै स्थापना गर्न पाइने विधेयकमा उल्लेख छ ।

प्याब्सन कोशी प्रदेशका अध्यक्ष टिकाराम ढाकाल, हिसान कोशी प्रदेशका अध्यक्ष ज्ञानबहादुर खड्का, नेसनल प्याब्सन कोशी प्रदेशका अध्यक्ष राजन पौडेलद्वारा जारी विज्ञप्तिमा सरकारले विधेयकमा गरेको व्यवस्था अलोकतान्त्रिक रहेको आरोप लगाइएको छन् । विधेयकमाथि उनीहरूले ७ बुँदामा संशोधनको सुझावसमेत दिएका छन् ।

वांकी अन्तिम पेजमा...

## डेंगुको जोखिम बढ्दै

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरमा पनि डेंगु संक्रमणको जोखिम बढ्दै गएको छ ।

डेंगु संक्रमणकै कारण कोशी प्रदेशको सबभन्दा ठूलो कोशी अस्पताल र विराटनगर क्षेत्रभित्र रहेका निजि अस्पतालहरुमा बिरामीको चाप बढ्दै गइरहको छ ।

कोशी अस्पताल विराटनगर लगायत अन्य अस्पतालहरुमा ज्वरौ आउने, वानता हुने, जीउ दुखने, प्रेसर कम हुने लगायतका विरामीहरुलाई उपचार गर्न अस्पताल ल्याउने गरेका छन् ।

घरमा प्रयोग गरीने फूलका गमला, धारा, मोटरसाईकलको टायर लगायतका पानी जम्ने ठाउँहरुमा एडिज एजिप्टाई नामको लामखुट्टेले फुल पार्ने गरेको पाईन्छ ।

ज्वरौ आउने, डायरीया चलने, वानता हुने, जीउ दुखने, प्रेसर कमहुने डेंगु संक्रमणको लक्षण रहेको कोशी अस्पतालका निम्ति बरिष्ठ फिजिसियन डा.लक्ष्मी नारायाण यादवले वताए ।

डेंगुको प्रकोपबाट जोगिन झुलको प्रयोग गर्ने, बाहुला छोप्ने गरी लुगा लगाउने, घर वरिपरि पानी जम्न नदिने, किटनाशक औषधिको प्रयोग गर्ने तथा लोशनहरू लगाउन यादवले आग्रह गरेको छ । एसी कुलरको पानी फेर्ने, पूजा कोठामा भाँडामा राखिने पानी, अन्य बाहिरी पेरिफेरीमा स्थिर रुपले जम्ने पानीका स्रोतहरु भए त्यस्तो नराख्न सुझाव दिएको छ ।

एडिज एजिप्टाई नामको लामखुट्टेले फुल पार्ने स्थानहरु सँग सचेत रहन महानगरका शहरी स्वास्थ्य महाशाखा प्रमुख डा.विशालकुमार देवको भनाई छ ।

डेंगुको रोकथामका निम्ति भेक्टर लक्षित उपायहरू अपनाउन आग्रह गर्दै डेंगु संक्रमणका विरामीहरुको चापले एतिवेला अस्पतालमा ठाउँको अभावभएको देवले वताए ।

स्थानीय सरकारलाई डेंगु संक्रमण नियन्त्रणका लागि पानी जमेको ठाउँहरुमा तत्काल किटनाशक औषधिको प्रयोग गर्न स्थानीयहरुलाई आग्रह गर्दै

वांकी अन्तिम पेजमा...

## पहिचान सहितको संघियता ल्याउन दुई तिहाई आवश्यक

विराटनगर । पहिचान सहितको संघियता ल्याउन दुई तिहाई वहुमतको आवश्यता भएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले वताएका छन् ।

उक्त कुरा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) पहिलो पटक काठमाण्डौ वाहिर भएको २४ औं स्थापना दिवसको अवसरमा प्रमुख अतिथी मोदीले वताएको हो । मोदीले भने कोशी प्रदेशको नामाकरणको सम्वन्धमा भई रहेको विवादको विषयमा भने हामी मधेशी आदीवासी, पहाडी आदीवासी भनेर छुटिने एकता नहुने, भोट हाल्ने वेला अन्यपक्षधरलाई भोट हाल्ने अनि पहिचान खोज्ने त्यो कहिले पनि हुँदैन । त्यसैले अगामी दिनमा पहिचानपक्ष धरले दुई तिहाई वहुमत ल्याए प्रदेशको नाम पनि परिवर्तन हुन सक्ने वताए ।

कोशी प्रदेश नामकरण सच्याउनु पर्ने माग भइरहेको बेलामा मन्त्री मोदीले दुई तिहाइ



प्रमुख अतिथी मोदीसंग सम्मानित भएका पत्रकारहरुको सामूहिक तस्वीर । फोटो : मंजु शर्मा

मत ल्याएर प्रदेशको नामकरण सच्याउनुपर्ने बताएका हुन् । त्यसका लागि पहिचानवादी पार्टीलाई जिताउनुपर्ने मन्त्री मोदीले बताए । पहिचान पक्षधरहरुको सदनमा बहुमत नभएकाले निर्णय कार्यान्वयन गराउन नसकेको बताए । पहिचानसहितको संघीयता ल्याउन माओवादीलाई जनमत प्राप्त नभएको उनले बताए । उनले प्रदेश १ को नामकरण पहिचानसहितको हुनुपर्नेमा जोड दिएका थिए । पहिचानवादीको माग पूरा गर्नका लागि आदिवासी जनजातिहरु एक जुट हुनुपर्ने वताउँदै 'आदिवासी जनजातिहरु एक जुट भएर आफ्नो अधिकार स्थापित गराउन लाग्नुपर्ने मन्त्री मोदीको भनाई थियो ।

वांकी अन्तिम पेजमा...

क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## यसरी...

हच्किए । उनीहरुबीच विवाद बढ्यो । त्यसपछि कार्कीलाई पनि अज्ञात समूहबाट धम्की आउन थाल्यो । कार्कीविरुद्ध कलेजकै विद्यार्थी विभाजित गराएर आन्दोलन चर्काइयो । कार्कीको घरमा २०६६ मा सुतली बमसमेत विस्फोट गराईएको थियो । त्यसपछि भयभित र वाक्क दिक्क भएर डा.कार्कीले शेयर फिर्ता लिए ।

कार्कीले शेयर फिर्ता लिएपछि बिनापैसा छिरेका सुनिल शर्माले करोडौको लगानीमा बनेर सञ्चालनमा आएको नोबेल कलेज र अस्पतालको एकल मालिक बने । कलेज आफ्नो भएपछि शर्माले युएनमा काम गर्दै गरेका दाजु केपी शर्मालाई ल्याएर कलेजको निर्देशक बनाए । उनी पनि सुनिलसँग टिक्न नसकेर बाहिरिए । त्यसपछि पूर्वाञ्चल विश्वविद्यायका पूर्वरजिष्टार भोगेन्द्र आर्चाय र डा. नारायण कुमारलाई नोबेलमा प्रवेश प्रवेश गराएकोमा उनीहरु पनि टिक्न सकेनन् । शर्माविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ती शुद्धिकरणमा पनि उजुरी परेको थियो । त्यसबेला उनले बाबु त्रिलोक न्यौपानेलाई अस्पतालको अध्यक्ष बनाएका थिए । सम्पत्ती शुद्धिकरणले उनलाई हिरासतमा पनि राखेर अनुसन्धान गरेको थियो । तर, शक्तिकेन्द्रको आडमा उनले उन्मुक्ति पाएको आरोप लाग्ने गरेको छ । सबैतिरबाट उन्मुक्ति पाएपछि उनले फेरि बाबुलाई हटाएर आफैं अध्यक्ष बनेका थिए । हाम्रोमतबाट सभार

## नक्कली...

अस्पतालका डाक्टर अमित चौधरीलाई अपरान्हतिर पक्राउ गरिएको थियो ।

बिहीबार साँझ नै थप दुई जना डाक्टरलाई सीआईबीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा डा रामबाबु यादव र एरिना यादव रहेका छन् ।

सांसद एवं डा. सुनिल शर्मा लाई अदालतले तारेखमा राखेर अनुसन्धान गर्न आदेश दिएको छ । सांसद शर्मा शुक्रवार थुनामुक्त भएको छ ।

## अनिश्चित...

त्यसैगरी एनप्याब्सन मोरङका अध्यक्ष सुनिलदत्त अधिकारी, हिसान मोरङका अध्यक्ष अमित ढकाल र प्याब्सन मोरङका अध्यक्ष प्रेमलालसिंह सुवालले समेत प्रदेश सर्मी पत्रकार सम्मेलनको आयोजना गरेर विद्येयकमा उस्तै असहमति र सुझाव दिएका छन् ।

प्याब्सन प्रदेशका अध्यक्ष ढकालले प्रस्तावित विद्येयकमा असहमति राख्दै कम्पनी मार्फत् सञ्चालित विद्यालयहरुलाई पाँच वर्षभित्र गुठीमा रुपान्तरण र दायित्व फरफारकको विषयले निजी लगानीको शिक्षा क्षेत्रलाई निरुत्साहित गर्ने मात्रै नभई मास्ने अभिप्राय राखेको बताए । उनले चरणबद्ध संघर्षका कार्यक्रम घोषणा गर्दै आगामी साउन २८ गते अनिश्चितकालीन विद्यालय बन्द गर्ने जानकारी दिए । यसैगरी सरकारले विद्येयकका प्रावधानलाई नसच्याएमा भदौ १ गतेदेखि विद्यालय बन्दसँगै विद्यालयका सवारी साधन सार्वजानिकस्थलमा पार्किङ गर्नेसम्मका कार्यक्रम रहेको सुनाए ।

विधेयकमा संशोधन गरिनुपर्ने दिएका सुझावहरू

१.यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका निजी लगानीका विद्यालय यस ऐनको अधिनमा रहि सञ्चालन गर्न वाधा पुरयाएको मानिने छैन ।

२. निजी लगानीका विद्यालयले लिने शुल्क राष्ट्रिय मापदण्डले निर्धारण गरे बमोजिमको शिर्षक र सिमा विपरित नहुने गरी स्थानिय निकायले तोके बमोजिम लिन सक्नेछ ।

३. सङ्घीय शिक्षा ऐनमा व्यवस्थापन समितिको संरचना उल्लेख गरिनु पर्नेछ ।

४. निजी विद्यालयको छाता सङ्गठनको प्रतिनिधिको प्रतिनिधित्व रहने समावेश गर्नुपर्ने ।

५. निजी विद्यालयको छाता सङ्गठनको प्रतिनिधिको प्रतिनिधित्व रहने समावेश गर्नुपर्ने ।

६. श्रम ऐन बमोजिम नेपाल सरकारले निर्धारण का गरेको न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धि व्यवस्था समावेश गरी शिक्षक तथा कर्मचारीको नियुक्ती, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धि विनियम बनाई लागु गर्नुपर्ने ।

७. को (क) उच्च शिक्षा अध्ययनमा नेपाल सरकारलेि प्रदान गर्ने छात्रवृत्तिमा सबै प्रकारका बन्धि विद्यालयहरूबाट अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई समानरूपमा प्रतिस्पर्धा गर्न दिइनुपर्दछ । आरक्षणका नाममा दिइँदै आएको ४५ प्रतिसत छात्रवृत्ति सम्बन्धि । छात्रवृति सम्बन्धि ऐन, २०२१ दफा ३ क छात्रवृति सम्बन्धि नियमावली, २०६० नियम "१०क खारेज हुनु पर्दछ ।

(ख) शिक्षा सम्बन्धी केहि नेपाल ऐन संसोधन गर्ने ऐन, २०७७ (जारी मिति २०७७/३/११) को दफा २९ (क) को उपदफा (६) मा उल्लेख भए अनुसार नेपालको ११ वटा विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न कक्षा १० सम्म अनिवार्य रूपमा सामुदायिक विद्यालयमा नै अध्ययन गर्नु पर्ने भन्ने कानुनी व्यवस्था खारेज हुनु पर्दछ ।

## डेंगुको...

विराटनगर महानगरपालिकाले खोज र नष्ट गर कार्यक्रम नै संचालन गरको विराटनगर महानगरपालिकाले खोज र नष्ट गर कार्यक्रम नै संचालन गरका छन् ।

डेंगु संक्रमणका विरामीहरु लाई नेपाल सरकारले निःशुल्क उपचार गर्दै आईरहेको छ । अस्पतालमा ब्लड सुगर प्रेसर बढेको समान्य विरामी दिनुहुँ जसो आउने नै गरेका छन् । एतिवेला वर्षाका कारणले डेंगु संक्रमणका विरामीहरु अस्पातालमा भने ह्वाते पढेको छ । डेंगुवाट बच्न सरसफाईमा ध्यान दिनुका साथै खोज र नष्ट गर अभियानलाई सवै नगरवासीले सहयोग गर्नु पर्ने विराटनगर महानगरपालिका वडा नं. ८ का अध्यक्ष राम पोखरेलको भनाई छ ।

## सांसद...

डा.शर्माको आइएससी उत्तीर्णको प्रमाणपत्र नक्कली भएको आशङ्कामा अनुसन्धानका लागि नियन्त्रणमा लिइएको दावी गरेको छ । सांसद शर्मालाई प्रहरीले आज म्याद थपका लागि काठमाडौं जिल्ला अदालतमा उपस्थित गराएको थियो । तर, थुनामा नराखी अनुसन्धान गर्न भन्दै अदालतले उनलाई रिहा गर्न आदेश दिएको हो ।

## कोशी...

प्लान्टबाट दैनिक ४८ किलो क्षमताका १०० सय सिलिण्डर अक्सिजन उत्पादन गर्नसक्ने क्षमता भएपनि अस्पताललाई दैनिक १० देखि १२ सिलिण्डर अक्सिजन पर्याप्त हुने भएकोले सीमित उत्पादन गरिदै आएको थियो ।

तार ल्याएर जडान गरेपछि संचालनमा आउने प्लान्ट नबनाएर ठेक्का मार्फत निजी क्षेत्रबाट अक्सिजन खरिद गरेर अस्पताललाई लाखौं रुपैयाँ व्यभार थप्न अस्पताल प्रशासन लागिपरेको भन्दै कर्मचारीहरुले नै असन्तुष्टि जनाएका छन् ।

अस्पताललाई आवश्यक पर्ने भन्दा बढी दैनिक १ सय सिलेन्डर कोशीमा उत्पादन हुने गरेको दुई वटा प्लान्ट छ । प्लान्ट बिग्रिएर थन्एिको एक वर्ष बितिसक्दा पनि प्रशासनले बनाउनुको साटो ठेक्का लगाएर प्रतिकेजी ३९ रुपैयाँले मासिक सरदर १५ हजार केजी अक्सिजन खरिद गर्दै आएको छ । सोबापत ५ लाख ४८ हजार रुपैयाँ खर्च हुने गरेको छ ।

पाइप बिछ्याएर तार जोडिए पहिला जस्तै गरी शैय्याहरुमा अक्सिजन सप्लाइ हुने थियो । तर, अस्पताल प्रशासनले मर्मतमा ध्यान नदिएर निजी क्षेत्रबाट अक्सिजन खरिदमा लागि परेको देखिन्छ,' अस्पतालका एक जना कर्मचारीले भने ३५० शैय्याको कोशी अस्पतालमा दैनिक ४ देखि ५ सय केजी अक्सिजन खपत हुने गरेको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालले ३९ रुपैयाँ प्रति केजीको दरले शंकर अक्सिजन ग्यास काठमाण्डौंले ठेक्का पाएको छ । शंकर अक्सिजनले कोशी अस्पतालमा आवश्यक पर्ने लिक्युड ग्यास ल्याउने गरेको छ ।

कोशी अस्पतालका मेडिकल सुपरिटेन्टडेन्ट (मेसु) डा. चन्द्रभाल झाले नयाँ भवन निमार्णको क्रममा अक्सिजन प्लान्टको तार काटिएकाले बनाउन लागि परेको बताए । 'अक्सिजन प्लान्टको तार काटिएपछि ग्यास सप्लाइमा समस्या आएको थियो । पाईपलाईनको समस्यालाई समाधान गरी केही दिनभित्रमा अक्सिजन प्लान्टबाटै अक्सिजन उत्पादन भई सप्लाई हुने वताए । प्लान्ट संचालनमा आएपछि बाहिरबाट अक्सिजन मगाउन बन्द हुने वहांको भनाई छ ।

अक्सिजन प्लान्ट देखि आएको अक्सिजन अस्पतालको आकस्मिक कक्ष देखि पूर्वपट्टि रहेको मेन लाइनमा आएर होल्ड हुने व्यवस्था मिलाएको थियो । त्यसपछि आकस्मिक, अर्थो, कोभिड वाड, आइसियू, मेडिकल र जेनेरल वडामा अक्सिजन जाने सिस्टमको विकास गरिएको छ ।

## पहिचान...

सोही अवसरमा छ जना पत्रकार पुरस्कृत भएका छन् । फोनिजको स्थापना दिवसको अवसरमा पत्रकार सुजता लिम्बू, किसन राई, देव पचभैया, जीवन लामा, उन्नति चौधरी र विदुर खवास पुरस्कृत भएका हुन् ।

त्यसैगरी दिलिप थापा मगर र नेपाल भाषा टाइम्सलाई सम्मान गरिएको छ । सम्मानित र पुरस्कृत हुनेहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले कदर पत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए । पुरस्कृत भएका मध्ये खवास र लिम्बूलाई प्रदेशले सम्मान गरेको हो ।

कार्यक्रममा आदिवासी जनजाति महासंघका उपाध्यक्षहरु माया जिमी, किरात याक्थुङ चुम्लुङका अध्यक्ष प्रेम येक्तेन, फोनिजको केन्द्रीय अध्यक्ष गजुरधन राई, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका लीलावल्लभ घिमिरे, प्रेस चौतारीका सचिव बिक्रम लुइँटेल, प्रेस सेन्टरका उपाध्यक्ष विवेक गौतम, समाजवादी प्रेस संगठनका केन्द्रीय सचिवालय सदस्य बन्धु पोखरेलगायलते शुभकामना व्यक्त गरेका थिए ।




दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाईफाइड, आउँ जन्डिस जस्ता रोग लाग्न सक्छ ।

त्यसैले,

- खोला, धारा वा मूलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भवन नभएमा शुद्धिकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# नक्कली र सक्कली छुट्याऔं

स्वास्थ्य सेवामा सर्पित केही डाक्टरहरुले नक्कली प्रमाणपत्रको आधारमा सेवा दिई रहको भन्दै सीविआईले 'अपरेसन फक्सट्रट' नाम दिएरे चलाएको अपरेसनमा सात जना डाक्टरहरु पक्राउ परि सकेका छन्। ती मध्ये संघिय सांसद शुनिल शर्मा तारेखमा छुटि सकेको छ। नक्कली प्रमाणपत्र धारण गरी कति विरामीहरुको उपचार गरेका होलान ती विरामीहरु मध्ये कतिपय त औषधी दिएकै कारण मरेपनि होलान त्यसको क्षतिपुर्ति अव कसले देलान यी यथावत कुराहरुलाई ठीक ट्याकमा ल्याउन शैक्षिक प्रमाणपत्रको छाजविन हुन आवश्यक छ। डाक्टरमा मात्रै नभएर अन्य पेश लागेकाहरुको पनि नक्कली प्रमाण पत्रहरु रहेको प्रमाणहरु प्रसस्त छन्।

डाक्टरहरुको मात्र नभएर सरकारी वा गैर सरकारी सेवामा लागेका सबैको शैक्षिक योग्यताको सटिफिकहरुको छानविन गर्नु पर्छ। शिक्षा पेशामा लागेका हुन वा निजामती सेवामा लागेका हुन सबै क्षेत्रको कर्मचारीहरुमा नक्कली प्रमाण पत्र धारीहरुको विगविगी छ। यो विगविगी पनि राजनैतिक दलहरुवाटै आएको हो आफ्नो मान्छे लाई जागिर खुवाउनु छ तर सर्टिफिकेट छैन। जसका कारण नक्कली सर्टिफिक बनाएर पनि आफ्ना नाता गोताका मानिसलाई जागि खुवाएकै छ। कुनै पनि पदको विज्ञापन आह्वान गर्दा सोही वेला आवेदकले पेश गरको शैक्षिक योग्यताको प्रमाणपत्र छानवीन हुनुपर्छ। नक्कलीहरुलाई सोही वेला आउट गरी सक्ककली सक्कली विच प्रतिस्पर्धा गराउँनु पर्छ। जसले गर्दा पछि नक्कली प्रमाणपत्रको समस्या आउँदैन र नक्कली प्रमाणपत्रको आधारमा जेल पनि जानु पर्दैन र सरकारको ढुकुटीको पैसा पनि खान सकिदैन।

अहिले त नक्कली प्रमाणपत्रको आधारमा करोडौ कमाएका छन्। जागिरको अन्तिममा आएर नक्कली प्रमाण्पत्र छ भनेर प्रमाणित हुन्छ। नक्कली प्रमाणपत्रको आधारमा खाएको पैसा कसरी भराउने? वाध्य भएर नक्कली प्रमाणपत्र धारी जेलहरु जेल बसेर सरकारकै रासनमा जीवन विताउन सजिलो ठान्छ। त्यसैले कुनै पनि पदमा जागिर खान दिएको आवेदनकै वेला प्रमाणपत्र सक्कली हो कि नक्कली हो भनी छुट्याउन प्रविधीका विकास हुन आवश्यक छ। अन्यथा राजनीतिक पहुचको आधारमा नक्कली प्रमाणपत्र धारीको विगविगी रही नै रहन्छ। तसर्थ समयमै नक्कली सक्कली प्रमाणपत्र छुट्याउन संयन्त्र वनाउन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# स्वायत्तता संकुचनपछिको लोक सेवा आयोग

**लक्ष्मीविलास कोइराला**

साउन १९ गते अनलाइनखबरमा प्रकाशित समाचारले झस्कायो। २४ जना उपसचिवको सरुवा शीर्षकमा मेरा आँखा टक्क रोकिए। म पनि पूर्व सरकारी कर्मचारी भएको नाताले क-कसको सरुवा भएछ ? मेरो स्वाभाविक चासो रहने नै भयो।

म पढ्दै गएँ। लोक सेवा आयोगका पाँच उपसचिवको विभिन्न स्थानीय तहमा सरुवा भएको रहेछ। आयोगका कर्मचारी सरुवा गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आयोगको सहमति लियो कि लिएन होला ? मलाई जिज्ञासा लाग्यो।

मैले यताउता फोन गरें। झ्वाट्ट, संसदबाट लोक सेवा आयोग सम्बन्धी ऐन पारित हुँदा मिडियाहरूमा 'लोक सेवा आयोगको वित्तीय र प्रशासनिक स्वायत्ततामाथि अंकुश' शीर्षकमा आएको समाचार सम्झना आयो।

आयोगले लिएको परीक्षामा सफल भएर सरकारी जागिर खाएको र आयोगबाट अवकाश भएकाले अनलाइनखबरको समाचारले मलाई केही सोच्न र लेख्न बाध्य गरायो।

लोक सेवा आयोगको स्वतन्त्रतामाथि सरकारले अंकुश लगाउन खोजेको भन्ने समाचार आएको दिन पनि मलाई च्वास्स घोचेको थियो। म कामविशेषले बसमा यात्रा गर्दैथिएँ। बसभित्र कलेजका विद्यार्थी थिए, आठ दश जना। उनीहरू गफमा व्यस्त र मस्त थिए। विद्यार्थी देख्दा म पुराना घटनाहरूमा बल्झिएर आफ्नो विद्यार्थीकालमा पुग्थें।

झण्डै ४० वर्ष पहिले, म गुन्टागुन्टी बोकेर त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययन गर्न काठमाडौं आएको थिएँ। तिनताका चितवन र काठमाडौं छोटो बाटो र राम्रो टेलिफोन सुविधाले जोडिएका थिएनन्।

चितवनबाट हेटौंडा हुँदै बसमा कि त हवाईजहाजमा काठमाडौं आउनुपर्दथ्यो। हेटौंडाहुँदै काठमाडौं आउनु सहज थिएन। काठमाडौं आइसकेपछि बा-आमासँग समाचार आदानप्रदान गर्न पनि सरल थिएन। काठमाडौं आउँदा धेरै पैसा बोकेर आउने सम्पत्ति पनि थिएन।

घरबाट आउँदा ल्याएको पैसा सकिएपछि पैसाको अभाव व्यहोरेका अप्ठ्यारा दिनहरू अहिले सम्झँदा कहाली लाग्छ। गाउँले दाइहरूले राजधानीमा टिक्न र पढ्न सानोतिनो जागिर खोज्न सल्लाह दिए। गाउँबाट आएको सोझो केटो मलाई जागिर खोज्न त्यति सजिलो थिएन। मैले कुनै ठूलो मान्छेलाई चिनेको पनि थिइनँ।

'जीवनमा प्रयासबाट परिणाम आएन भनेर हरेस खानुहुँदैन छोरा' बाआमाको आशीर्वचन मेरो कानमा गुन्जिरहन्थ्यो। म निरन्तर जागिरको खोजमा लागिरहें। विभिन्न संस्थान पुगें। हरेक दिन कार्यालयहरूमा जागिर पाइन्छ कि भन्दै हिंड्ने मेरो दैनिकी बनेको थियो।

जागिर खोज्दै हिंड्दा हिंड्दा बेलुका त थकाइले लखतरान हुन्थें। भात पकाउन जाँगर हुँदैनथ्यो। अनि चिउरा चपाएर सुत्दथें। आत्मग्लानिले रातभरि टोक्दथ्यो। अनि भन्थें, 'भोलिदेखि जागिर खोज्न हिंड्ने काम बन्द!' तर बिहान भएपछि, खाली पकेटले आराम गर्न अनुमति दिँदैनथ्यो। फेरि जागिर खोज्न हिंड्थें। जागिर भने पाउन सकिनँ।

बाआमाको काखबाट टाढा बस्नु सजिलो हुँदो रहेनछ। एउटा फाइदा भनेको उहाँहरूको कचकच सुन्नु नपर्ने मात्र हो। अभावमा मलाई आफ्नो गाउँ र बाआमाको सम्झनाले भुतुक्कै पार्दथ्यो।

कति रमाइला थिए, गाउँघरमा बाआमाको काखमा रहँदा ! बाआमाले घरबाट आउँदा दिनुभएको र काठमाडौंमा रहँदा कसैको हातबाट पठाउनुभएको पैसाले धानिन कम्ता त गाह्रो भएन तिनताका मलाई।

एकदिनको कुरा हो, म सडकमा हिंड्दै थिएँ। एउटा अफिस अगाडि मान्छेहरूको भीड देखें। म जस्तै केटाकेटी उभिएको देख्दा लाग्यो त्यहाँ जागिर बाँडिरहेको होला। म हतारहतार उतै सोझिएँ। त्यो अफिस अरू कुनै नभएर लोक सेवा आयोगको कार्यालय रहेछ।

भीडमा उभिएका केटाहरूलाई मैले सोधें 'किन भीड भएको हो ?' एउटा केटाले उत्तर दियो लोक सेवा आयोगले भर्खर शाखा अधिकृतको लिखित परीक्षाको नतिजा प्रकाशन गरेको रहेछ, त्यही हेर्ने भीड हो।

पास हुने केटा-केटीहरूको मुहारमा चमक थियो, सरकारी जागिर पाएको खुसीमा। लोक सेवा आयोग अगाडिको भीड र पास हुने केटाकेटीहरूको अनुहारमा देखिएको चमकले मेरो मनमा आशा जगायो। उत्प्रेरणा आयो।

सबै केटाकेटीहरू मेरै शैक्षिक पृष्ठभूमिका र मेरै उमेरका थिए। यदि म जस्तै पढेका विद्यार्थीले आयोगका परीक्षाहरू पास गर्न सक्दछन् भने मैले किन सक्दिनँ ? लोक सेवा आयोगको शाखा अधिकृत, नायब सुब्बा, खरिदारमध्ये कुनै न कुनै परीक्षा पास गर्ने अठोट मेरो मनमा पलायो।

आत्मविश्वास र उत्प्रेरणाले मानिस सक्रिय हुँदोरहेछ। म लोक सेवा आयोगको बारेमा जान्न उत्सुक भएँ। आयोग एक संवैधानिक अंग रहेछ।

सरकारलाई आवश्यक पर्ने कर्मचारी आपूर्ति गर्न योग्यताको परीक्षाहरू लिई योग्य उम्मेदवार सरकारी जागिरको लागि सिफारिस गर्ने काम आयोगले गर्ने पनि बुझें।

आयोगले मेरिटको आधारमा योग्यता परीक्षण गर्ने कारण पढे-लेखेका व्यक्तिहरू पास हुने गर्दा रहेछन्। राणाकालमै पनि रहेछ, लोक सेवा आयोग जस्तै दरखास्त परिषद्। राणालाई त देशको शासन प्रशासन चलाउन योग्य व्यक्ति चाहिएको रहेछ भने प्रजातान्त्रिक सरकारलाई त नचाहिने कुरै भएन।

यसकारण आयोगलाई सरकारी सेवाको लागि आवश्यक पर्ने योग्य उम्मेदवार निष्पक्षताका साथ छान्ने जिम्मेवारी दिइएको रहेछ।

म हरेक हप्ता आयोग जाने र आयोगका भित्ताहरूमा टाँसिएका परीक्षा सम्बन्धी विज्ञापनहरू हेर्ने गर्दथें। एउटा पानासोनिक रेडियो किनेर समाचार तथा हरेक बुधबार राति नौ बजे आउने आयोगका सूचनाहरू सुन्न थालें।

आयोगको बुलेटिनबाट शाखा अधिकृत, नायब सुब्बा, खरिदार पदका लागि लिइने परीक्षाको कोर्स आयोगको लाइब्रेरीमा बसेर सारें। कोर्स अगाडि राखेर शाखा अधिकृत पदका साथै सार्वजनिक संस्थानहरूका परीक्षाका लागि पनि एकैसाथ पढ्न थालें।

संस्थानहरूसँग सम्बन्धित ऐन कानुन पढ्न कानुन पुस्तकालय जान्थें। समय समयमा अमेरिकन, ब्रिटिश, इन्डियन, त्रिभुवन विश्वविद्यालयका पुस्तकालयहरू गएर सामान्य ज्ञान पढ्न थालें। टिप्दा टिप्दै सामान्य ज्ञानको त ठेली नै बन्यो। चाहिने किताबहरू किनेर पढें।

तिनताका इन्टरनेट थिएन, कोचिङ, गाइड हुँदैनथे। पत्रपत्रिका र किताब पढेर तयारी गर्नुपर्दथ्यो। आफैं प्रश्न बनाउने आफैं उत्तर लेख्ने अभ्यास गरेर कपीका पानाहरू भर्न थालें। ५-६ महिनापछि सबैभन्दा पहिला शाखा अधिकृतको विज्ञापन खुल्यो। संस्थानहरूमा पनि विज्ञापनहरू भए। खुलेका विज्ञापनमा सफल हुनु मेरो तयारीको अग्निपरीक्षा थियो।

अत्यन्त शान्त मूडमा परीक्षा दिन गएँ। आफ्नो तयारीप्रति म पूर्ण सन्तुष्ट थिएँ। आत्मविश्वासी भएर लेख्न बसें। जति लेखें, सही उत्तर लेखें।

रिजल्ट हुँदा खुसीको सीमा रहेन। म आयोगको शाखा अधिकृतको लिखित परीक्षामा पास भएँ। अन्तर्वार्तामा पनि सफल भएँ। नेपाल सरकारको जागिरमा प्रवेश गर्न सकें। भनसुनमा जागिर खोज्दै हिंड्नु परेन। बस ध्याच्च रोकियो। विद्यार्थी गल्याङमल्याङ गर्दैथिए।

'यार अब लोक सेवा आयोगमाथि सरकारी नियन्त्रण हुनेभयो रे नि ! आयोगलाई निष्पक्षता कायम गर्न कठिन हुन्छ

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# यसरी कब्जा गरेका थिए शर्माले नोबेल मेडिकल कलेज

विराटनगर । सुनिल शर्माको पुर्ख्यौली घर मोरङको लेटाङ हो । लेटाङमा माध्यमिक तह पढ्दा राजेन्द्र न्यौपाने नाम गरेका उनी त्यहाँ एसएलसी फेल गरेपछि कालीकोट जिल्ला गएका थिए ।

उताबाट फेरि ९ कक्षादेखि अध्ययन गरेर एसएलसी प्रथम श्रेणीमा पास भएर फर्किंदा उनी सुनिल शर्मा भएका हुन् । हाल उनी नेपाली कांग्रेस महासमिति सदस्य छन् । उनलाई नेपाली कांग्रेसले २०७४ मा प्रतिनिधिसभा चुनावमा मोरङ-३ बाट उम्मेदवार बनाएको थियो । उनी तत्कालीन एमाले उम्मेदवार भानुभक्त ढकालसँग पराजित भएका थिए । काँग्रेस केन्द्रीय सदस्य शेखर कोइरालासँग निकट सम्बन्ध रहेका उनले २०७९ मंसिरमा भएको निर्वाचनमा ढकाललाई नै पराजित गरे ।

विराटगर कञ्चनबारी ४ स्थित नोबेल मेडिकल कलेजमा शर्माको प्रवेश र नोबेलको स्वामित्व उनको एकल कब्जामा आउनुको पछाडि पनि लामो विवादित कहानी छ । २०५५ सालमा काठमाडौंमा नोवल एकेडेमी र नोवेल इन्ष्टिच्युट सञ्चालन गरिरहेका नवराज पाण्डे, रविन दहाल, उमेश पाण्डे आदित्य खनाललगायले मिलेर मेडिकल कलेज खोल्ने तयारी गरेका थिए ।

मेडिकल कलेजको सपनालाई मुर्तरुप दिन उनीहरुले विराटनगरका डा.ज्ञानेन्द्र गिरीलाई सहयोग मागे । २०५७ मा गिरिसमेत संलग्न भएपछि कञ्चनवारी पछाडि रहेको १५ विगाहा ९ कट्ठा जग्गा प्रतिविगाहा १२ लाख रुपैयाँका दरले उनीहरुले काँग्रेस नेता चुमनारायण तबदारसँग खरिद गरे । कलेजका लागि जग्गा किनिसकेपछि कलेज दर्ता गर्न कम्पनी बनाउने तयारी भयो । डा.गिरीको अध्यक्षतमा कम्पनीको बिधान तयार भयो । अध्यक्ष डा.गिरी र नवराज पाण्डे मेनेजिङ डायरेक्टर बने । कम्पनी दर्ता भएपछि अस्पतालको भवन निर्माण सुरु भयो । तर, मेडिकल कलेजले सञ्चालन अनुमति पाएको थिएन । शाही शासनको बेला थियो । तत्कालीन शिक्षामन्त्री हरिबहादुर बस्नेतले कम्पनीको फाईल रोकिदिएपछि सञ्चालकहरुले विराटनगरका पूर्वप्रधानपञ्च रामकृष्ण भट्टराईको सहयोग मागे । रामकृष्णले आफूलाई पनि शेयर सदस्य बनाउने भए सहयोग गर्ने सर्त राखेपछि नाबेल टिमसँग विकल्प थिएन । उनीहरुले रामकृष्णलाई पनि शेयर सदस्य बनाए ।

कलेज सञ्चालनको लागि एकतले भवन बनिसकेको थियो । डा.गिरीको पहलमा कोशी अञ्चल अस्पतालले नोवेललाई दुई वर्ष प्राक्टिस चलाउन दिने सहमति पनि गरिसकेको थियो । तर, स्वास्थ्य मन्त्रालयले अनुमति रोकिदियो । त्यसपछि ततकालीन स्वास्थ्य सचिव लोकमानसिंह कार्कीसँग नोबेल टिम पुग्यो । कार्कीले विराटनगर पोखरियामा रहेको भुपालमानसिंह ग्राममा रहेको आफ्नो घर भाडामा लिने सर्तमा अनुमति फुकुवा गरिदिने बचन दिए । नोबेलले कार्कीको घर महिनाको १ लाख रुपैयाँ तिर्नेगरी भाडामा लिएर केन्द्रिय कार्यालय स्थापना गर्यो ।

कलेज अगाडि बढ्ने आशमा रहेका नोबेलका सञ्चालक अर्को समस्यामा परे । नेपाली काँग्रेसका केही नेताको दबाबमा कोशी अञ्चल अस्पतालसँग भएको सम्झौता खारेज भयो । कलेजले विद्यार्थी भर्ना लिइसकेको बेला सम्झौता खारेज भएपछि सञ्चालकहरु आत्तिएका थिए । शाही शासनको अन्त भएपछि कलेज सञ्चालनको काम अवरुद्ध नै भयो ।

नयाँ सरकारले बनेपछि मेडिकल कलेजले विश्व विद्यालयबाट सम्बन्धन लिनुपर्ने प्रावधानसहितको कानून बन्यो । नोबेल सञ्चालकले धरान स्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति रहेका रहेका डा.शेखर कोइरालामार्फत प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग जोडिन चाहे । त्यसमा सहयोगी बनेर सुनिल शर्मा भित्रिए ।

सञ्चालकहरुका अनुसार शर्माले सम्बन्धन दिलाईदिने आश्वासन दिएपनि त्यसवापत आफूलाई शेयर सदस्य बनाउन माग गरेका थिए । त्यसमा शेखरको पनि साथ थियो । डा.शेखरले पनि सुनिललाई शेयर दिएमा सम्बन्धन सहज हुने बताएपछि उनलाई विनालगानी ११ प्रतिशत शेयर दिएर भित्र्याएको डा.गिरीले केहि समय अगाडि सार्वजनिक गरेका थिए ।

नोबेल टिमले शर्मालाई मात्र शेयर दिएर सम्बन्धन पाएन । तत्कालीन शिक्षामन्त्री रहेका काँग्रेस नेता आमोद उपाध्यायले पनि छोरा संजिव उपाध्यायलाई शेयर सदस्य बनाए मात्र सम्बन्धन दिने अडान राखे । करोडौं लगानी गरिसकेका डा.गिरीसहित सञ्चालकहरुसँग अर्को विकल्प नभएपछि उनीहरुले दुबैलाई शेयर सदस्य बनाएका थिए । त्यसपछि आमोदकै पहलमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षमा बालुवाटारमै बसेको काठमाडौं विश्वविद्यालयको बैठकले नोबेललाई सम्वन्धन दिने निर्णय गरेको थियो । नोबेलले सम्बन्धन पाएपछि चतुर शर्माले सञ्चालक नवराज पाण्डेसँग निकट सम्बन्ध बनाएर कम्पनीको निर्देशक नियुक्ति पाए ।

कलेजका अध्यक्ष गिरीले शर्मालाई नरुचाएको भएपनि पाण्डे भने शर्मालाई साथ लिएर अगाडि जाने पक्षमा थिए । जसको कारण सञ्चालकहरु बीच नै मनमुटावको अवस्था बनेको थियो । नोबेल छिरेलगत्तै शर्माको छलकपट सुरु भएको डा. गिरी सम्झन्छन् । उनले कम्पनीमा शेयर किन्न काठमाडौंको बानेश्वरमा रहेको जग्गा पास गरिदिएका थिए । तर, उनकी आमाले् आफ्नो जग्गा भन्दै मुद्दा हालेर बेचविखनमा रोक लगाईदिइन् । त्यसपनि शर्माले गिरीविरुद्ध पाण्डेलाई अध्यक्ष बन्न उचाल्न थाले । विवादपछि डा.गिरी अस्पताल जानै छाडेका थिए । कलेज सञ्चालनमा आएको थियो । त्यसबीच आदित्य शर्मा खनाल कलेजमा नयाँ शेयर सदस्यका रुपमा प्रवेश गरे । खनालले सञ्चालकबीच विवाद मिलाउने प्रयास गरे । शर्माको कारण समस्या भएको देखेपछि उनले शर्मालाई सञ्चालक समितिबाट हटाउने सहमति जुटाए ।त्यसपछि पाण्डेले कम्पनी रजिष्टारको कार्यालयमा शर्मा विरुद्ध उजुरी गरे । विनालगानी कलेजको ११ प्रतिशत शेयरको मालिक बनेका उनलाई कम्पनी रजिष्ट्रारको कार्यालयले ६० दिनभित्र कम्पनीको सवै शेयर फिर्ता गर्न निर्देशन दिएको थियो ।

त्यहीबेला कम्पनीको सेयर फिर्ता गर्न कागजात तयार गर्नुपर्ने भन्दै शर्माले अध्यक्ष डा.गिरी, निर्देशक पाण्डे, सञ्चालक आदित्य खनाल, उमेश पाण्डे र जग्गु रिजाललाई काठमाडौं बोलाए । २०६४ मंसिर १८ गते काठमाडौं विमानस्थलमा ओर्लनसाथ उनीहरुको अपहरण भयो ।

अपहरणकर्ताले कुटपिट गर्दै कलेजका सञ्चालकहरुबाट सबै कागजात र नगद कब्जामा लिएका थिए । उनीहरुमाथि ज्यानमार्ने धम्की दिईयो । अपहरण सुनिल शर्माले नै गराएका थिए । माओवादीको युवा संगठन वाईसिएलका तत्कालिन उपत्यका इञ्चार्ज सागर थापालाई प्रयोग गरेर उनीहरुको अपहरण गरिएको थियो ।

अपहरणमा परेका सञ्चालकहरु सुनिललाई हटाउने हैन आफैं कम्पनी छाड्ने व्यहोराको कागजमा सही गर्न बाध्य भए । अपहरण काण्डमा शर्माविरुद्ध जाहेरी परेपछि उनी भुमिगत जस्तै भए । तर, काँग्रेस नेताको संरक्षणमा उनी खुला भए । उनीमाथि कुनै कार्वाही भएन । त्यसबेला माओवादी अध्यक्ष प्रचण्ड र नेता डा.बाबुराम भट्टराईले घटनामा माफी माग्दै दोषीलाई कार्वाही गर्न माग गरेका थिए । त्यही बेला डिफेन्स आर्मीको आवरणमा कलेजका निर्देशक नवराज पाण्डेका भाई रमेश पाण्डेको अपहरण भयो । उनलाई २८ दिनसम्म भारतमा लगेर बन्धक बनाइयो । कलेजको सबै शर्माले कागजात आफ्नो नाममा पारिसकेपछि मात्र पाण्डे रिहा भएका थिए । त्यसबेला नोबेलका सञ्चालकहरुको घर र कलेजमा श्रृंखलाबद्ध बम विस्फोटका घटना हुनथाले । त्यसको जिम्मा अतिहिन्दुवादी भनेर चिनिएको संगठन डिफेन्स आर्मीका कमाण्डर आरपी मैनालीले लिने गरेका थिए । मैनालीसँग साँठगाँठ गरेर शर्माले विष्फोट गराएको प्रहरी अनुसन्धानले देखाएको थियो ।

विस्फोटमा संलग्न रहेको आरोपमा प्रहरीले डिफेन्स आर्मीका सुप्रिम कमाण्डर आरपी मैनाली, उपकमाण्डर त्रिभुवन यादव, सुनिलका सहयोगी रहेका नोवेलका कर्मचारी काशी चुँडाल र राजेश चौधरीलाई पक्राउ गरेको थियो । तर, शर्मा भने उच्च राजनीतिक संरक्षणकै कारण पक्राउ परेनन् ।

त्यसबेला आरपी र शर्माबीच भएको फोन वार्तामा शर्माले लाखौं रकम दिन बाँकी रहेको भन्दै आरपीले ताकेता गरेको जिकिरसहितका सूचना बाहिर आएका थिए । आफ्नो काम फत्ते भएपछि शर्माले नै आफ्ना सहयोग चुँडाललाई पक्राउ गराएर मैनालीलाई पनि पक्राउ गराएको खुलेको थियो ।

लगातारका घटनापछि नोबेल कलेज बन्द प्रायः भयो । अस्पतालमा विरामीहरु आउन छाडे । सञ्चालकको विवाद र अपरणकाण्डले गर्दा बद्नाम भएको नोवेल कर्मचारीहरुले तलब नपाएको भन्दै आन्दोलन चर्काउन थालेका थिए । विद्यार्थीहरु भविष्य धरापमा परेको भन्दै कलेज सञ्चालन गराउन सरकारले पहल गर्नुपर्ने माग गर्दै धर्ना र जुलुस गर्न बाध्य भए ।

संकटमा परेपछि सञ्चालक हरुले नोवेल कम्पनी बेच्ने मनस्थिति बनाए ।तर, कसैलाई पनि कम्पनी किन्न दिईएन । त्यसपछि सञ्चालकहरुले बाध्य भएर कलेज शर्मालाई नै किन्न आग्रह गरे । तर, उनले पनि किन्न मानेनन् । बरु, तत्काल आफुलाई सञ्चालन गर्ने जिम्मा दिएमा पछि शेयर फिर्ता गर्ने सर्त राखे । कलेजमा विद्यार्थी र कर्मचारीहरुको निरन्तर आन्दोलन र व्यापारीहरुलाई तिर्नुपर्ने बक्यौता रकमको बोझले वाक्क भएर सञ्चालक हरुले तत्काल शर्मालाई कलेज चलाउन दिन तयार भए । शेयरको रकम पछि फिर्ता लिने सहमतिमा कलेज जिम्मा लगाए ।

कलेजको जिम्मा पाएपछि शर्माले विराट नर्सिङ होमका सञ्चालक डा.ज्ञानेन्द्र कार्कीलाई ५० प्रतिशत शेयरसहित नोवेलमा भित्र्याए । डा. कार्कीसँग कलेज चलाउन पुँजी र बुद्धि दुबै थियो । कार्कीले लगानी गरेपछि कलेज सञ्चालन भयो । डा.कार्कीले नोवेललाई नमुना अस्पताल बनाउने योजना अगाडि ल्याए । तर, शर्मासँग कार्की ६ महिना पनि टिकेनन् । शर्माले कलेजको नाममा रहेको सबै जग्गा आफ्नो आमाको नाममा राखेपछि डा.कार्की

वांकी अन्तिम पेजमा...

# आँखा पाक्ने पाँच लक्षण र रोकथामका उपाय

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जन्टिभाइटिस अर्थात आँखा पाक्ने समस्या देखिएकाले सतर्क रहौं ।

आँखा पाक्ने रोगका लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

**रोकथामका उपाय**

भाइरल कन्जन्टिभाइटिस अर्थात आँखा पाक्ने रोग सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्त उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तैः टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुन । आँखा छुनु परेमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जन्टिभाइटिस भइहाले आत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधि प्रयोग नगरौं ।

**आँखा पाक्ने रोग लागेमा के गर्ने ?**

यो रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ । घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु यसप्रकार छन :

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधि प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारका लागि तुरुन्त स्वास्थ्य संस्थामा जाऔं ।

-स्वास्थ्य मन्त्रालय

# हेमोफेलिया भएकी बालिकाको जटिल शाल्यक्रिया

विराटनगर । काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा हेमोफिलिया रोगबाट पीडित एक बालिकाको जटिल शल्यक्रिया गरिएको छ । काठमाडौंको शान्तिनगरकी ९ वर्षीया निधी भट्टराईको एपेन्डिसाइटिसको शल्यक्रिया सफलतापूर्वक गरिएको हो ।

हेमोफिलिया भनेको रगत जम्ने प्रक्रियामा त्रुटि भएको वंशाणुगत समस्या हो । यस्तो समस्या भएका व्यक्तिमा कुनै चोटपटक लाग्दा रगत रोकिन धेरै समय लाग्ने र अत्याधिक रगत बग्ने गर्छ । जसका कारण अप्रेसन गर्न जोखिम हुने भएकाले अन्य अस्पतालले उनको शल्यक्रिया गर्न मानेका थिएनन् । तर, केएमसीका बाल सर्जन डा.आशिषलाल श्रेष्ठ नेतृत्वको चिकित्सकहरूको टोलीले ल्याप्रोस्कोपी प्रविधिबाट उनको सफलतापूर्वक शल्यक्रिया गरेको हो । 'फेमोफिलियाका कारण अप्रेसन गर्दा रगत नरोकिने भएकाले यो केस निकै च्यालेन्जिङ थियो,' डा.श्रेष्ठले भने, 'तर, हामीले जोखिम मोलेर भएपनि सफलतापूर्वक अप्रेसन गरेका छौं, अहिले उनको अवस्था सामान्य भइसकेको छ ।'

जोखिमपूर्ण अप्रेसन सफल भएपछि बिरामी र बिरामीका आफन्त हर्षित छन् । अन्य अस्पतालले अप्रेसन गर्न नमानिरहेका बेला केएमसीले सफलतापूर्वक अप्रेसन गरेर छोरीको ज्यान बचाएको भन्दै बिरामी बालिकाकी आमा मच्चिता अर्याल भट्टराईले खुशी व्यक्त गरिन् । दक्ष चिकित्सक र अत्याधुनिक उपकरण भएकाले केएमसीमा जटिल तथा दुर्लभ शल्यक्रिया पनि सफलतापूर्वक गरिदै आएको छ ।

**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**

क्राईम अपरेशन

# तनस्का फेसन शो रनवेमा मोडलदेखि सेलिब्रेटीसम्मको क्याटवाक

विराटनगर । विराटनगरमा आयोजना गरिएको तनस्का फेसन शो रनवेमा मोडलदेखि सेलिब्रेटीसम्म र्‍याम्पमा उत्रिएका थिए । विराटनगरमा तनस्का फेसन स्टुडियोले शनिवार साँझ आयोजना गरेको फेसन शो मा चर्चित मोडेल सविता कार्की, हास्य कलाकार तथा चलचित्र निर्माता दिपाश्री निरौला लगायत तनस्काको पहिरन लगाएर र्‍याम्पमा उत्रिएको थियो ।

फेसन शो मा तनस्काका १२ जना डिजाइनरले तयार गरेका पहिरन लगाएर दुई पुरुष र १६ महिला गरी १८ जना मोडेल प्रदर्शनीमा निस्किए । पुरुषतर्फ कलाकार दिवस घिताल र रमननाथ गिरी र्‍याम्पमा उत्रिए । उनीहरुसँगै चर्चित मोडेल कार्की र कलाकार निरौला पनि र्‍याम्पमा उत्रिँदा कार्यक्रममा थप रौनकता बढ्यो । विराटनगर-३ गोग्राहा चोकस्थित कञ्चनजंघा ब्याङ्केट मा भएको फेसन शो मा खचाखच दर्शक थिए । कार्यक्रम मा गायिका सत्यकला राई र र्‍याम्पर शैलेश निरौलाको सांगीतिक प्रस्तुतीले पनि कार्यक्रममा रौनकता बढाएको थियो ।



कार्यक्रममा बोल्दै विराटनगर महानगरपालिकाकी उपप्रमुख सिल्पा निराला कार्कीले तनस्काका विद्यार्थीहरुले तयार गरेका कपडा निकै उत्कृष्ट रहेको भन्दै प्रशंसा गरिन् । फेसन डिजाइनरहरुलाई प्रोत्साहन गर्न विराटनगर महानगरपालिकाले पनि सक्दो सहयोग गर्ने उनले धारणा राखिन् । नेपाल उद्योग वाणिज्य महासंघका कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउतले विराटनगरको फेसन डिजाइन क्षेत्रमा तनस्काले नयाँ आयाम थपेको प्रतिक्रिया दिए । कार्यक्रममा तनस्का फेसन स्टुडियोका सञ्चालक बनिसा शर्मा कटेलले नेपाली फेसन डिजाइनरहरूको कला प्रदर्शन गर्दै उनीहरूको क्षमतालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरसम्म पुर्‍याउन फेसन शो गरिएको जानकारी दिइन् ।

भारतको कोलकतास्थित नेसनल इन्स्टिच्यूट अफ फेसन टेक्नोलोजी कलेजबाट फेसन डिजाइनमा स्नातकोत्तर गरेकी बनिसाले २०७७ सालबाट फेसन स्टुडियो सञ्चालन गरेकी हुन् । यो स्टुडियो, फेसन डिजाइन पढेका डिजाइनरले नै सञ्चालन गरेको कोशी प्रदेशको पहिलो फेसन स्टुडियो पनि हो । सामान्य सर्वसाधारणदेखि स्थापित भइसकेका राष्ट्रिय कलाकारहरूले पनि तनस्का फेसन स्टुडियोमा तयार भएका ड्रेस लगाउँने गरेका छन् । सीटीईभीटीबाट मान्यता प्राप्त सो कलेजले फेसन डिजाइनको डिप्लोमा लेबलको कोर्ष अध्ययन गराउँदै आएको छ ।

# अबैध लागु औषधी सहति चार जना पक्राउ

विराटनगर । झापाको दमक नगरपालिका-७ स्थितबाट अवैध औषधी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा दमक-७ का २६ बर्षीय दिपेश खड्का, दमक-६ का ३३ बर्षीय रोशन कुमार साह र दमक-८ का २६ बर्षीय संजिव सुबेदी रहेका छन ।

दमकको पशुहाट स्थितमा बिना ईजाजत औषधीहरु बिक्री बितरण भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई टरमाडोल हाइड्रोक्लोराईड केप्सुल आइपी ८ हजार ५ सय ६० क्यापसुल, स्पासपेइन ७ हजार ट्याबलेट र उनिहरुले प्रयोग गरेको प्रदेश१-०१-०१२ प ८५३५ नम्बरको स्कुटर समेत नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापाको दमक नगरपालिका-९ चिया वगान स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । लागुऔषध बिक्री वितरण भईरहेको छ भन्ने विशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले स्थानीय २२ बर्षीय रोहित गौतमलाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनको साथबाट लागुऔषध ब्राउन सुगर १ ग्राम बरामद गरेसगै प्रहरीले पक्राउ गरेको थियो ।

अवैध औषधी सहित पक्राउ परेका तीन जनालाई आवश्यक कारवाहीको लागि औषधी व्यवस्था विभागको कार्यालय बिराटनगरमा बुझाईएको साथै अन्य थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । थप एक जनाको समेत थप अनुसन्धान भई रहको प्रहरीले जनाएको छ ।

# नक्कली प्रमाणपत्र धारी सात डाक्टर पक्राउ एक तारिखमा रिहा

विराटनगर । मोरंगमा क्लिनिक संचालन गरी रहेका नक्कली डाक्टर मनिष चौधरीलाई पक्राउ गरे संगै नक्कली प्रमाणपत्रधारी डाक्डर पक्राउ संख्या ७ पुगरेको छ ।

मोरङमा क्लिनिक चलाएर बसेका मनिषको प्लस टुको नेपालको सर्टिफिकेट नक्कली भएको भन्दै सीआईबीले पक्राउ गरेको थियो ।

केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी) ले कथित नक्कली डाक्टर माथि चलाएको अपरेसनमा पक्राउ पर्नेहरुको संख्या अहिलेसम्म एक सांसद सहित ७ जना पुगेको छ ।

यसअघि धापासीस्थित इशान हस्पिटलकी डाक्टर श्रद्धा सिल्पकार पक्राउ परेकी थिइन् । ललितपुरको हात्तीबन निवासी सिल्पकारलाई सीआईबीले प्लस टुको सर्टिफिकेट नक्कली भएको भन्दै पक्राउ गरेको थियो ।

'अपरेसन फक्सट्रट' नाम दिएर सीआईबीले चलाएको अपरेसनमा बिहीबार दिउँसो प्रतिनिधि सभाका सांसद सुनिल शर्मालाई पक्राउ गरेको थियो।

त्यसपछि त्रिवि शिक्षण अस्पतालका डाक्टर पक्राउ परेका छन् । त्रिवि शिक्षण

वांकी अन्तिम पेजमा...

# सांसद शर्मालाई थुनामुक्त गर्न काठमाण्डौ जिल्ला अदालतको आदेश


विराटनगर । जिल्ला अदालत काठमाडौँले सांसद डा.सुनिल शर्मालाई थुनामा नराख्न आदेश दिएको छ । जिल्ला अदालत काठमाडौँका न्यायाधीश डण्डपाणी शर्माको इजलासले सांसद शर्मालाई थुनामा नराखी अनुसन्धान गर्न सीआइवीलाई आदेश दिएको हो ।

मोरङको क्षेत्र नं.३ बाट निर्वाचित कांग्रेस सांसद शर्माले गत साउन १० गते संसद बैठकमा सुन तस्करीको विषयलाई लिएर आफ्नै पार्टीका अर्थमन्त्री डा.प्रकाशशरण महत र गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा मागेका थिए । सुन तस्करीमा जो सुकै संलग्न भएपनि कारबाही गर्नुपर्ने धारणा राख्दै आएका सांसद शर्माले तस्करीको मुख्य नाइके पक्राउ नगरिए सदनमै आमरण अनशन बस्ने घोषणा समेत गरेका थिए । सांसद शर्माले सदनमा यस्तो अभिव्यक्ति दिएको १५ दिनपछि बिहीबार अपरान्ह करिब ३ बजे नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो सीआइबीको टोलीले काठमाडौंको गोल्फुटारस्थित निवासबाट उनलाई पक्राउ गरेको हो ।

मन्त्रीको राजीनामा मागेको प्रतिशोधमा सांसद शर्मालाई पक्राउ गरिएको भन्दै सर्वत्र विरोध भइरहेको छ । आज प्रतिनिधि सभाको बैठकमा पनि यो बिषय उठ्यो । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सांसद शर्माको पक्राउ प्रति आपत्ति जनायो । एमालेको तर्फबाट बोल्दै सांसद ज्वालाकुमारी शाहले सुन तस्करीको बिषयमा पटक पटक आवाज उठाइरहेका सांसद शर्मालाई सर्टिफिकेटको बहाना झिकेर कानून विपरित पक्राउ गरिएको भन्दै आपत्ति जनाइन् ।

यता, सीआइवीले

वांकी अन्तिम पेजमा...



## स्वायत्तता...

रे ! म त आयोगको तयारी गरेर बसिरहेको थिएँ, धत्तेरी !' एक विद्यार्थीले मिडियाले उठाएको विषयवस्तु सुनाए ।

बिहान पढेको समाचार सम्झिएँ ।

'मेरो दाइ पनि वर्ष दिनदेखि लोक सेवा आयोगको परीक्षाको तयारीमा जुटिरहनुभएको थियो । बिहान बिहानै दिक्क मानेर अरबतिर भासिनु पर्‍यो भन्दै हुनुहुन्थ्यो', अर्को विद्यार्थीले भन्यो । विद्यार्थीको हाँसोठट्टा एकैछिनमा गम्भीर बन्न पुग्यो ।

'छोराछोरीले जागिर खालान् र ऋण-धन गरेर पढाउन पैसा पठाउनु नपर्ला भनेको थिएँ । अब लोक सेवा आयोग नै स्वतन्त्र नहुने भएपछि पढेर के काम ? हिंड् घरतिरै भन्दै हुनुहुन्थ्यो मेरो बाबाले पनि', अर्को विद्यार्थीले थप्यो ।

म विद्यार्थीको छलफल सुन्न केन्द्रित भएँ । 'किन के भएछ लोक सेवा आयोगलाई ?' विद्यार्थी केटाहरूको कुराकानी सुनिरहेकी अधबैंसे महिलाले रुचि देखाएर सोधिन् ।

संसदले आयोगको स्वायत्तता नियन्त्रण गर्ने गरी ऐन पारित गरेछ, म्याडम ! बसका अर्का यात्रुले जवाफ दिए । बहसको आकार बढ्दै गयो । मलाई बस बहस-गृहमा रूपान्तरित भएकोमा खुसी पनि लाग्यो । सुनिरहें ।

बस रोकिएपछि विद्यार्थी गुरुर्र ओर्लिए । म पनि बसबाट झरेर लुखुर लुखुर सिंहदरबार छिरें । सिंहदरबारभित्र तीसवर्षे जागिरे जीवन बिताएको भए पनि आज मैले नौलो अनुभूति गरें । क्यान्टिनमा साथीहरू भेट भए ।

कर्मचारीको वृत्तमा मूलतः नियुक्ति, सरुवा र बढुवाका विषयमा चर्चा हुने गर्दछ । नियुक्तिका लागि योग्य व्यक्तिको सिफारिस गर्ने र बढुवा व्यवस्थापनको काम लोक सेवा आयोगसँग सम्बन्धित विषय हो ।

'अब आयोगलाई समयसीमा भित्र काम गर्न कठिन हुन्छ होला', कुनै एक कर्मचारीले मुख खोले ।

'किन ?' मैले जिज्ञासा राखें ।

'संसदबाट पारित लोक सेवा आयोग ऐन २०७९ ले आयोगका कार्य प्रणाली सम्बन्धी प्रशासकीय र वित्तीय अधिकार कटौती गरेछ । काम गरेपछि पाउने प्रोत्साहन सुविधा हटेपछि त के काम हुन्छ र ? लोक सेवा आयोगमा सरुवा भएर जाने र आयोगबाट बाहिर पठाउने कर्मचारीहरूको सम्बन्धमा आयोगको सहमति चाहिने प्रावधान पनि हटेछ', अर्को कर्मचारी साथीले थपे ।

'कर्मचारी सरुवाको भाँडभैलो आयोगमा पनि छिर्ने भयो । आयोगमा काम गर्ने कर्मचारीको जथाभावी सरुवा भयो भने आयोगमा विज्ञता, गोप्यता, गुणस्तरीयता कायम गर्न कठिन हुन्छ । ऐनले आयोगको लागि विविध शीर्षकमा विनियोजित हुने बजेट र सोको आयोगको आवश्यकता अनुसार बाँडफाँट गर्ने अधिकार पनि कटौती गरेछ', अर्का जानकार कर्मचारी साथीले सुनाए ।

'सरकार आयोगलाई बजेट र कर्मचारी परिचालन मार्फत आफ्नो नियन्त्रणमा राखेर कठपुतली बनाउन चाहन्छ कि क्या हो ?' मैले साथीहरूको माझमा प्रश्न राखें । सबैले निदाउरो मुख लगाए । म सिंहदरबारबाट बाहिरिएँ ।

सरकार खास राजनीतिक विचारधाराको आधारमा निर्वाचित भई आउने एक इमोसनल संस्था हो । सरकार इमोसनल हुन्छ र कसैलाई काखा र कसैलाई पाखा गर्ला कि भनेर संविधानमा नै स्वतन्त्र संवैधानिक निकायहरू खडा गरिएको हुन्छ, प्रजातान्त्रिक संविधानमा ।

शासन प्रणाली परिवर्तनको कालखण्डमा सरकार बन्ने र भत्कने गरे । शासनको उतारचढावमा पनि लोक सेवा आयोगले कार्यतालिका बमोजिम आफ्नो कार्यसम्पादन निरन्तर र निष्पक्ष रूपमा सम्पादन गर्दै आयो ।

आयोगको परीक्षा सम्बन्धी कामगराइमा कसैले औंला उठाउन सकेन । आयोगप्रति जनताको विश्वास सगरमाथा जस्तो उच्च छ ।

देशमा आर्थिक विकास धिमा हुनाले रोजगारीका अवसर शून्य प्रायः छन् । वर्षेनि ठूलो संख्यामा युवाहरू रोजगारीको खोजीमा विदेशिने गरेका छन् । घर शून्य छ, गाउँ शून्य छन्, खेत बाँझो छ । लगानी छैन । निजी क्षेत्र राम्रोसँग संगठित भइसकेको छैन । देशमा भरपर्दो रोजगारी सरकारी सेवा मात्रै रहेको छ । समाजमा सरकारी सेवाको विशिष्ट महत्व छ ।

सरकारी सेवामा प्रवेश गर्न लोक सेवा आयोगको बाटो भएर गुज्रनुपर्दछ । यस अवस्थामा आयोगले युवाको ठूलो जत्थालाई सरकारी रोजगारीका लागि इङ्गेज गराएर राख्दै आएको छ । जसले युवालाई भड्किन, विदेशिन र सरकारको विरोधमा लाग्नबाट समेत रोकेको छ ।

सरकार र जनताले पत्याएको एउटा कुनै निकाय देशमा छ भने त्यो लोक सेवा आयोग हो । लोक सेवा आयोग स्थापित प्रणाली र मेरिट सिद्धान्तमा चलेको र चल्ने निकाय हो ।आयोग मेरिट र विधिमा विश्वास गर्दछ । आयोगको आफ्नै ऐन, कार्यविधि र आचारसंहिता छ । सो अनुरूप परिचालित हुन्छ । विषय विज्ञहरूको सेवा लिन्छ ।

लोक सेवा आयोगको काममा विज्ञ भएकोमा विज्ञहरू पनि गर्व गर्दछन् । प्रशासनिक समाजमा आयोगको कार्यतालिका नै एक संस्कृति बनेको छ । कुन पदको कहिले विज्ञापन हुन्छ र कहिले परीक्षा हुन्छ भन्ने विषयमा परीक्षाको तयारी गर्ने सबै उम्मेदवार र विज्ञहरूलाई जानकारी हुन्छ ।

लोक सेवा आयोगको निष्पक्षताको प्रणाली एक दिन, एक वर्षमा बनेको होइन । आयोगमा काम गर्ने कर्मचारीहरूको एउटा-एउटा विचारको जोड, इमानदार र विज्ञताको योगदानले बनेको हो । विज्ञताको विकास स्वायत्तताले गरेको छ ।

कुनै निकाय आफैं आफ्नो कार्यतालिका बनाउँछ, कार्यतालिका हुबहु पालना गर्छ र परिणाम पनि दिन्छ, त्यो मात्र आयोग हो । नेपाली समाजमा आयोगको स्थान उच्च रहेको छ । जनताको बेरोजगारी समस्या धेरथोर हल गरेको छ । मेधावी युवालाई भरोसा दिएको छ । सामान्य जनताका छोराछोरीले कसैलाई भनसुन नगरिकन आफ्नै बलबुतामा सरकारी जागिर खान पाएका छन् । उच्च तहसम्म पुग्न सकेका छन् ।

जीवनस्तर उकासेका छन् । छरिएर रहेका जनतालाई शासन प्रणालीमा सहभागी गराएको छ । परिणामस्वरूप, आयोगले राष्ट्रपति र सरकारप्रति जनताको आस्था र विश्वास बढाएको छ ।

हामी सबैले बुझेको कुरा हो, लोक सेवा आयोगको छवि प्रत्येक शिक्षित युवामा गडेर रहेको छ । ऊ कलेज प्रवेशसँगै लोक सेवा आयोगको परीक्षा दिएर सरकारी जागिर खाने योजना र आकांक्षा बुन्ने गर्दछ ।

परीक्षामा फेल हुँदा आफ्नो तयारी नपुगेको हो भन्ने विश्वास गर्छ । कसैले लोक सेवा आयोगको आलोचना गर्‍यो भने त्यसको प्रतिकार गर्छ । यस अर्थमा प्रत्येक शिक्षित युवा लोक सेवा आयोगका रक्षक हुन् ।

परीक्षा व्यवस्थापन एक प्राविधिक कार्य मात्र नभएर अत्यन्त संवेदनशील कार्य पनि हो । आयोग संलग्न नभएका परीक्षाहरूमा प्रश्नपत्र बाहिरिएर, उत्तरपुस्तिका परीक्षणमा गोप्यता नभएर देखिएका घटनाहरू जगजाहेर छन् ।

लोक सेवा आयोगको प्रशासनिक एवं वित्तीय स्वायत्तता को अभावमा विज्ञमा आधारित आयोगको काममा विज्ञसेवा लिन कठिन हुन्छ । कर्मचारीको जथाभावी सरुवाले विज्ञता ह्रास हुन्छ । कार्यसम्पादन प्रभावकारिता मा आँच आउन सक्छ ।

आयोगको कार्यकुशलतामा नकारात्मक प्रभाव पर्नु भनेको आयोगको मर्म र विश्वासमाथि चोट पुग्नु मात्र नभई आम जनताको आस्थामाथि नै प्रहार हुनु हो ।

यहाँनेर बसमा विद्यार्थी र अभिभावकले देखाएको चासो मननयोग्य बन्न पुगेको छ । यसकारण आयोगमाथि आएको संकट लोक सेवा आयोगको मात्रै नभई तमाम गरिब एवं निमुखा नागरिकहरूमाथि आएको संकट हो ।

लोक सेवा आयोग ऐनले आयोगको प्रशासकीय अधिकार र वित्तीय स्वायत्तता काटेपछि आयोगको कार्यप्रणाली र कार्यसम्पादन स्तर स्वतः प्रभावित हुन गई परीक्षामा उच्च गुणस्तर, निष्पक्षता र गोप्यता कायम गर्न कठिन हुने स्पष्ट थियो ।

सरकारी सेवामा प्रवेश गर्ने उम्मेदवारहरूको योग्यता परीक्षणका लागि परीक्षा लिने आयोगको स्वायत्तता संकटमा पर्नु शुभसंकेत होइन ।

संसदबाट लोक सेवा आयोगको ऐन पारित भएपछि सिद्धान्ततः आयोग कमजोर बनेको थियो । सरकारले लोक सेवा आयोगलाई सुइँको नदिइकन त्यहाँ कार्यरत कर्मचारीको सरुवा गरेपछि भने आयोगको अधिकार, स्वायत्तता व्यावहारिक रूपमा पनि संकुचन भएको स्पष्ट हुनपुग्यो ।

आयोगसँगको परामर्श र सहमति विना कर्मचारीको सरुवा गर्ने प्रक्रिया गलत हो । यसले सरकारको नियत पनि उजागर गर्‍यो । सँगसँगै, आयोगको स्वायत्तता, निष्पक्षता र गुणस्तरीयता जोखिममा पर्ने शंका पनि पैदा भयो ।


अब आयोगले आफ्नो लागि कर्मचारी व्यवस्थापन गर्न सरकारसँग अनुनयविनय गर्नुपर्ने वातावरण सिर्जना भएको छ । कुन कर्मचारी कहिले सरुवा हुन्छ, आयोगलाई जानकारी नहुने भयो । कार्यतालिका अनुरूप कार्य गर्न बाधा पुग्ने भयो ।

त्यस्तै आयोगले सरकारसँग पटक-पटक गरी बजेट पनि माग्नुपर्ने भएको छ । यस अवस्थामा आयोगको स्वायत्तता कायम रहला ? आयोगको कार्यसम्पादनमा प्रभावकारिता होला ? भन्ने प्रश्नले प्रशासन र व्यवस्थापन विज्ञहरूको मनमा चिन्ता छाएको छ ।

संसदमा पनि सांसदहरूले लोक सेवा आयोगको स्वायत्तताका विषयमा बोल्छन् होला । आयोगको स्वायत्तता, विज्ञता, निष्पक्षताको जगेर्ना र प्रवर्द्धन गर्न सरकारले कस्तो व्यवहार देखाउला ? मिडियामा समाचार पनि आउने नै छ । अनलाईन खबर बाट सभार ।

## विचित्र संसार

### चालीस वर्षदेखि दाहिने हात उचालेर बसिरहेका बाबा



नयाँ दिल्ली - तपाइँलाई आफ्नो बाल्यकालको दण्ड याद छ, उभिएर हात उठाउन लगाएर शिक्षकले कसरी सजाय दिन्थे । २-३ मिनेट मात्रै हात उठाएर उभिँदा पनि हात फतक्क गलेर अवस्था बिग्रन सक्छ, तर यस्तो अवस्थामा हामी तपाइँलाई भारतमा एक जोगीका बारेमा बताउँछौं, जसले आफ्नो हात हावामा केही घण्टा वा केही दिनको लागि होइन, पुरै ४० वर्षदेखि उचालेर राखिरहेका छन् ।

तस्बिरमा देखिएका यी बाबाको नाम अमर भारती हो, जसले सन् १९७३ मा केही गर्ने निधो गरेका थिए, जसको बारेमा हामी र तपाइँले कल्पना पनि गर्न सक्दैनौं । हो, आज पनि अमर भारतीले सन् १९७३ देखि आफ्नो दाहिने हात हावामा उचालेका छन् । तस्विर हेरेर तपाइँले यो अनुमान लगाउन सक्नुहुन्छ कि यति वर्षसम्म हावामा उठाएको हातको हालत के भयो ? यसरी लामो समयसम्म एकोहोरो हात उठाउनु पर्दा केही वर्षमै उनको हात सुक्यो र छाला र हड्डी एउटै टुक्रा भयो ।

अमर भारतीको यो निर्णयलाई उनको भगवानप्रति को भक्ति र विश्वव्यापी सद्भाव प्रवर्द्धन गर्ने उनको मिसनको प्रतीकका रूपमा हेरिएको छ । कसैले चाहेर पनि गर्न नसक्ने काम अमर भारतीले यो कार्य गरिरहेका छन् । यो सबै देख्नेहरूले उनको शक्ति, भक्ति र जोशको प्रशंसा गर्नबाट आफूलाई रोक्न सक्दैनन् ।

भारती एक प्रसिद्ध भिक्षु हुन्, जसले कुम्भ मेला र महत्त्वपूर्ण धार्मिक कार्यक्रम हरूमा भाग लिने गर्छन्। आफ्नो जीवनकालको कुरा गर्दा १९७० भन्दा पहिले अमर मध्यम वर्गीय परिवारका व्यक्ति थिए, जसले सामान्य जीवन बिताउँथे । सर्वसाधारण जस्तै उनीहरू पनि जागिर गर्थे । घरमा श्रीमती र छोराछोरी थिए, तर एक दिन बिहान उठेर उनले आफ्नो सम्पूर्ण जीवन भगवान शिवको सेवामा समर्पित गर्ने निर्णय गरे र कहिल्यै पछाडि फर्केर हेरेनन्।

हालै भाइरल भइरहेको उनको तस्विर देखेपछि इन्टरनेट प्रयोगकर्ताहरूले बाबाको भक्तिको प्रशंसा गरिरहेका छन्। कतिपयले अझै विश्वास गर्न नसकेको जनाइरहेका छन भने कसैले बाबा कसरी सुत्छन् त ? भनेर सोधिरहेका छन् । जे सुकै होस, उनी ४० वर्षदेखि आफ्नो हात उचालेर भगवान् शिवमा लिन भइरहेका छन् ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.